## कालीमाटी गाउँ कार्यपालिकाको १० औं बैठक

आज मिति २०८१।११।११ गते आइतबारका दिन विहान ११.०० बजे कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भई देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्कबहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | तिलकुमारी |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

सहयोगी कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | श्री दीप बहादुर वली | एमआइएस अपरेटर | |
| २ | श्री छविलाल खत्री | कार्यालय सहयोगी | |
| ३ | श्री विष्णु भण्डारी | सूचना प्रविधि अधिकृत | |
| ४ | श्री प्रेम चन्द | सिभिल इन्जिनियर | |

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. संघीय तथा प्रदेश समपूरक र विशेष अनुदान माग सम्बन्धमा।

३. विद्युतीय चुलो वितरण सम्बन्धमा ।

४. जस्तापाता वितरण सम्बन्धमा ।

५. विविध ।

**निर्णयहरु:**

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको ९ औं बैठकले गरेका निर्णयहरुको समीक्षा गरियो निर्णयहरुको कार्यान्वयन सन्तोषजनक रुपमा भैरहेको पाईयो ।

**निर्णय नं. २**

कालिमाटी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा संघीय समपूरक र संघीय विषेश अनुदान तथा प्रदेश समपूरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन गर्न तपसिल बमोजिमका योजना छनौट गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| प्रा.क्र | संघीय समपूरक अनुदान | बजेट | संघीय विषेश अनुदान | बजेट |
|---|---|---|---|---|
| १ | कछुवा दह पार्क निर्माण कालिमाटी ३ | ५ करोड | ज्यामिरे ठाकुरसम्म खानेपानी योजना, कालिमाटी ४ | १ करोड |
| २ | बालुवा छरछरे छिन्चु सडक निर्माण कालिमाटी ५ र ६ | ३ करोड | मदुवन तादरकोट खानेपानी योजना कालिमाटी ५ | ७५ लाख |
| ३ | स्वास्थ्यचौकी हुँदै मावि रामपुर मजाउ सडक ग्राभेल तथा कालोपत्रे कालिमाटी-३ | ४ करोड | बाघमारे घुइयावारी खानेपानी योजना कालिमटी ७ | १ करोड |

## प्रदेश समपूरक अनुदान र विशेष अनुदान

| प्रा.क | प्रदेश समपूरक अनुदान | बजेट | प्रदेश विषेश अनुदान | बजेट |
|---|---|---|---|---|
| १ | जनता प्रा वि विद्यालय ४ कोठे भवन निर्माण कालिमाटी-३ | ७५ लाख | कृषि उपकरण खरिद | ५० लाख |
| २ | स्थानीय जनताको आय आर्जनमा योगदान पुग्ने कृषि उत्पादन, पशुपंक्षीपालन अनुदान | ५० लाख | त्रि.ज.मा.वि.विद्यालय घेरवार कालिमाटी १ | १ करोड |
| ३ | हिले मुलखोला नयाँवन कोछट्टे सडक निर्माण कालिमाटी ३ र ४ | १ करोड | बर्थिङ्ग सेन्टर उपकरण खरिद | ३० लाख |

## निर्णय नं. ३

कालिमाटी गाउँपालिका क्षेत्रभित्र विद्युतीय चुलो विस्तार तथा प्रवर्द्धन गर्नको लागि तपसिल बमोजिमका वडाहरुमा तपसिल बमोजिम विद्युतीय चुलो वितरण गर्ने निर्णय गरियो ।

तपसिल

| क.सं. | विद्युतीय चुलो कार्यान्वयन क्षेत्र | विद्युतीय चुलो संख्या |
|---|---|---|
| १ | वडा नं. १ अन्तर्गतका घरधुरी | २० |
| २ | वडा नं. २ अन्तर्गतका घरधुरी | ९० |
| ३ | वडा नं. ३ अन्तर्गतका घरधुरी | १०० |
| ४ | वडा नं. ४ अन्तर्गतका घरधुरी | ८० |
| ५ | वडा नं. ५ अन्तर्गतका घरधुरी | ४० |
| ६ | वडा नं. ६ अन्तर्गतका घरधुरी | २० |
| | | ३५० |

निर्णय नं. ४

कालिमाटी गाउँपालिका अन्तर्गत सबै वडाहरुमा खरको छाना विस्थापन गरी जस्तापाता वितरण गर्नको लागि जस्तापाताको पहुँचभन्दा बाहिर रहेका दलित,एकल महिला, अतिअशक्त अपाङ्गता तथा अति विपन्न परिवारलाई प्राथमिकता दिनेगरी वडाको सिफारिस बमोजिम घरधुरी फारम भरी मिति २०८१/११/२० गते भित्र कालिमाटी गाउँपालिकाको सूचना प्रविधि शाखामा फारम उपलब्ध गराई पालिका द्धारा घरधुरी छनौट गरी वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

क. जिल्ला प्रशासन कार्यालय, सल्यानको मिति २०८१/१०/२१ च.न.१७७५ को प्राप्त पत्रानुसार पालिका स्तरीय वन डढेलो नियन्त्रण तथा व्यवस्थापन संयन्त्र गठन गर्नुपर्ने भएको हुँदा यस जिल्ला तथा पालिकामा हुन सक्ने वन डढेलो लगायतका विपद्को समस्यालाई व्यवस्थापन गर्नको लागि पालिका अध्यक्षको संयोजकत्वमा सब डिभिजन वन कार्यालयका प्रमुख अधिकृत सदस्य सचिव, स्थानीय वन महासंघ, सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष सदस्य रहने गरी तपसिल बमोजिमको पालिका स्तरीय वन डढेलो नियन्त्रण तथा व्यवस्थापन संयन्त्र गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| १. | श्री दान बहादुर खत्री के.सी. | संयोजक | पालिका अध्यक्ष |
| २ | श्री शशि वली | सदस्य | स्थानीय वन महासंघ अध्यक्ष |
| ३ | श्री सामुदायिक वन | सदस्य | सामुदायिक वनका अध्यक्ष सबै |
| ४ | श्री महमत समि उल्ला | सदस्य-सचिव | सब डिभिजन वन कार्यालय |

ख. कालिमाटी गाउँपालिका अन्तर्गत विषयगत समितिहरुको बैठकका माइन्यूटहरु व्यवस्थापनको लागि सूचना प्रविधि अधिकृत श्री विष्णु भण्डारीलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।